नेपाल सरकार

अर्थ मन्त्रालय

# मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति

काठमाडौं, नेपाल ।

सूचना प्रकाशित मिति : २०७८/१२/०८

## अधिग्रहण गरिएका घरजग्गा खाली गर्ने सम्बन्धी सूचना

नेपाल सरकार, अर्थ मन्त्रालय, मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए–नेपाल) द्वारा निर्माण गर्न लागिएको ४०० केभी रातमाटे सव–स्टेसनका लागि आवश्यक जग्गा अधिग्रहण गर्न जग्गा प्राप्ति ऐन, २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट विभिन्न मितिमा सूचना प्रकाशन गरी मुआब्जा लगायत क्षतिपूर्ति तथा पुनर्वास सहायता रकमहरू समेत निर्धारण भई सोको वितरण तथा जग्गाको लगत कट्टा एवं नामसारी समेत भइसकेको छ । ती अधिग्रहण गरिएका जग्गामा स्वीकृत कार्यक्रम अनुरूप सव–स्टेसन निर्माणका लागि तारवार गर्ने कार्यलाई अविलम्ब अगाडि बढाउनु परेकोले मुआब्जा लगायत क्षतिपूर्ति तथा पुनर्वास सहायता रकमहरू बुझिसकेका महानुभावहरूले अधिग्रहण गरिएका घरजग्गाहरू यो सूचना प्रकाशित भएको मितिबाट ३५ दिनभित्र खाली गरिदिनुहुन अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ ।